# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पगनाथ, दैलेख
## कर्णाली प्रदेश, नेपाल

**डकुमेन्ट्री तयारी सम्बन्धी प्रस्ताव आवहानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०९/३०)**

यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाँउपालिकाको निम्न कार्यहरुको डकुमेन्ट्रि तयार गर्नु पर्ने भएकोले डकुमेन्ट्रि तयार गर्न इन्छुक फर्म/संस्थाहरुबाट प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिए बमोजिमको कागजात संलग्न गरी आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ । साथै रीत नपुगी पेश हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।विस्तृत कार्य विवरणको लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

<u>**तपसिलः**</u>

| क्र.सं. | कामको विवरण | अनुमानित लागत (भ्याट सहित) | कैफियत |
|---|---|---|---|
| १. | भगवतीमाई गाउँपालिकामा भएका भौतिक पूर्वाधार विकास, सामाजिक, साँस्कृतिक, पर्यटकीय एंव धार्मिक स्थल र सुशासनको क्षेत्रमा भएका विभिन्न कार्यहरुको भिडियो डकुमेन्ट्री तयारी तथा प्रसारण गर्ने कार्य | १०००००० । | |

**प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरुः**

१. फर्म दर्ताको प्रमाण पत्र
२. प्यान/भ्याट दर्ताको प्रमाणपत्र
३. करचुक्ताको प्रमाण पत्र
४. फर्मबाट सम्पादित कार्यको कार्य अनुभव

प्रस्ताव पेश गर्ने स्थानः भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पगनाथ दैलेख ।

सम्पर्क नं. ९८५८०२०८९९/९८५८०२०७९९

**प्रमुख प्रशासकीय अधिकृत**

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**भगवतीमाई गाउँपलिकाको समृद्धि, विकास र सुशासन प्रवर्द्धन सम्बन्धी डकुमेन्ट्री तयारीको लागि कार्य क्षेत्रगत शर्त** (Term Of Reference)

१. **पृष्ठभूमीः**

प्राकृतिक, भौगोलिक धार्मिक र साँस्कृतिक सम्पदाले भरिपुर्ण भगवतीमाई गाउँपालिकामा समृद्धि र विकासका धेरै आधारहरु रहेका छन् । भौगोलिक विकटता, गरिबी, बेरोजगारी, न्यून आन्तरिक आय जस्ता चुनौतिहरुसँग जुधेर भए "कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार" सोच तय गरी समृद्धिको अनवरत यात्रामा लम्किएको छ । यस सोचलाई पुरा गर्न गाउँपालिकाले संचालन गरेका भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक रुपान्तरण र सुशासनका क्रियाकलाहरुको दृश्यावलोकन र पर्यटकीय तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, विकास, प्रवर्द्धन र संरक्षण गर्ने ध्येयले डकुमेन्ट्री महत्वपुर्ण माध्यम हुन सक्छ । यस गाउँपालिकाको विगत ५ वर्ष पहिले सामाजिक, आर्थिक, पूर्वाधार विकास र सुशासनको अवस्था र हालको अवस्थामा आएको परिवर्तन तथा यहाँका पर्यटकीय र साँस्कृतिक सम्पत्तीहरुको जानकारी दिन भिडियो डकुमेन्ट्री एक महत्वपुर्ण साधन बन्न सक्दछ ।

२. **डकुमेन्ट्री निर्माणको लक्ष्यः**

भगवतीमाई गाउँपालिकाको समृद्धि र विकासको यात्रालाई झल्काउँदै पर्यटन प्रवर्द्धनमा योगदान पुर्याउने ।

३. **डकुमेन्ट्री निर्माणको उदेश्यहरुः**

क. भगवतीमाई गाउँपालिकाको विगत ५ वर्ष अगाडी र हालको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास र सुशासन पक्षको प्रस्तुति गर्ने ।

ख. गाउँपालिकाले हासिल गरेका प्रमुख उपलब्धी र गौरवका आयोजनाहरुको अवलोकन गर्ने ।

ग. गाउँपालिका विकास र समृद्धिको बाटोमा प्राप्त सफलता हासिल गर्न लिएका नीति तथा कार्यक्रमहरुको समिक्षात्मक टिप्पणी गर्ने ।

घ. पर्यटकीय तथा साँस्कृतिक सम्पदाहरुको पहिचान विकास प्रचार प्रसारमा टेवा पुर्याउने ।

ङ. आगामी अवधिमा गाउँपालिकाले चाल्नुपर्ने कदमहरुको यात्रा तय गर्ने ।

४. **डकुमेन्ट्री निर्माण क्षेत्रः**

डकुमेन्ट्री निर्माणको क्षेत्र भगवतीमाई गाउँपालिकाका ७ वटा वडा हुनेछ । ७ वडा आर्थिक सामाजिक पूर्वाधार विकास र धार्मिक तथा पर्यटकीय क्षेत्रलाई समेट्नु पर्नेछ ।

५. **डकुमेन्ट्रि निर्माण विधि** :–डकुमेन्ट्रि निर्माण विधि परामर्शदाताले आफ्नो प्रस्तावमा पेश गर्नु पर्नेछ ।

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

६. **डकुमेन्ट्रि निर्माण प्रक्रियाः**

क) गाउँपालिकाले कार्य क्षेत्रगत शर्त र लागत अनुमान तयार गरी स्वीकृत गर्ने छ ।

ख) सार्वजनिक खरिद ऐन, २०६३ र भगवतीमाई गाउँपालिका सार्वजनिक नियमावली, २०७८ मा उल्लेखित प्रावधानको परिधि भित्र रही सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरु मध्येबाट प्रस्ताव मुल्याङ्कन तथा छनौट समितिले उपर्युक्त परामर्शदाता संस्था छनौट गरिनेछ ।

ग) छनोट भएको परामर्शदाता संस्थासँग यस कार्य क्षेत्रगत शर्त बमोजिम सम्झौता गरिनेछ ।

घ) छनोट भएको परामर्शदाताले भगवतीमाई अन्तर्गत रहेको सबै वडाहरुमा रहेका माथि कार्यक्षेत्रमा उल्लेख गरे बमोजिमको क्षेत्रहरुको भिडियो संकलन तथा तयार गर्ने कार्य गर्नुपर्नेछ । साथै आवश्यक तस्विर लिनु पर्नेछ ।

ङ) परामर्शदाताले गाउँपालिकासँग समन्वय र विचार संकलन गर्नुपर्नेछ ।

च) परामर्शदाताले निर्माण गरेको डकुमेन्ट्रीको पहिलो ड्राफ्ट यस गाउँपालिकामा प्रस्तुतीकरण गर्नुपर्नेछ ।

**७) भिडियो डकुमेन्ट्रि निर्माणका शर्तहरु**

क) कम्तिमा १ वर्ष देखी नेपाल सरकारको संघीय वा प्रादेशिक मन्त्रालय वा स्थानीय तहहरुको वृत्तिचित्र निर्माण गरेको संस्था हुनु पर्नेछ ।

ख) फिल्म मेकिङ सम्वन्धि अध्ययन गरेको दक्ष कर्मचारी भएको संस्था हुनुपर्नेछ ।

ग) इडिटिङ्ग 3D एनिमेसन तथा कलर ग्रेडिङ्ग, पाश्र्व संगित (background music) सम्वन्धि पढेको दक्ष कर्मचारी तथा अनुभवी संगीतकर्मी आवद्ध भएको संस्था हुनु पर्ने ।

घ) छायाँङकनको ( Sutting ) को लागी चाहिने आफ्नै आधुनिक क्यामेरा, ड्रोन, क्यामेरा तथा इडिटिङ्ग सिस्टम सहितको ल्याव भएको संस्था हुनुपर्ने ।

ङ) ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय एवम् सामाजिक रुपान्तरणको विधिमा जस्तै : डकुमेन्ट्री लघु चलचित्र तथा विज्ञापन इत्यादी सरकारी कार्यहरुमा पनि नयाँ विधि र गुणस्तरलाई ध्यानमा राखी निर्माण सम्पन्न गरिसकेको संस्थालाई पहिलो प्राथमिकता दिइने छ ।

च) छायाङ्कनमा भिडियो क्यामरा सहित आवश्यकता अनुसार ड्रोनको प्रयोग गर्नुपर्ने । जसमा भिडियो गुणस्तर फुल एच.डि. (१९२०-१०८० ) भन्दा कम हुनु पर्ने । सके सम्म ( फोर के ) फर्मेट प्रयोग गर्न पर्ने ।

छ) छायाङ्कनका क्रममा क्यामेराका अतिरिक्त ड्रोनको प्रयोग गर्दा स्थानीय प्रशार लिएर गर्ने व्यवस्था प्रामर्शदाताले मिलाउनु पर्ने ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

**<u>८) बजेट र जनशक्ती</u>**

यस कार्यक्रमका लागि अवश्यक पर्ने भौतिक साधन र जनशक्ती सेवा प्रदायकले व्यवस्थापन गर्नुपर्ने छ । यस परियोजनाको लागि गाउँपालिकाले परामर्शदातालाई रु. दश लाख ( भ्याट र कन्टीजेन्सी रकम सहित ) उपलव्ध गराउने छ ।

**<u>९) भिडियो डकुमेन्ट्री तयारीमा लाग्ने समय</u>**

समय अवधी सम्झौता भएको मिति देखी १ महिनाको हुनेछ ।

**<u>१०) भिडियो डकुमेन्ट्रिको अपेक्षित उपलव्धी</u>**

क) भगवतीमाई गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार र सुशासन क्षेत्र तथा प्रयटकिय गन्तव्यहरुको भिडियो दस्तावेज तयार हुनेछ भने जिगलहरुलाई सामाजिक संजालहरुमा अपलोड गरेर प्रचार प्रसार गर्न सहयोग पुग्नेछ ।

ख) भगवतीमाई गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागि टेवा पुग्नेछ ।

ग) स्थानीय समुदायको सामाजिक र आर्थिक विकासमा टेवा पुग्नेछ ।

**<u>११) भिडियो डकुमेन्ट्रिको प्रतिवेदनका पक्षहरु</u>**

डकुमेन्ट्रीले समेट्ने क्षेत्र एवम त्यसको प्रभावकारीता र गुणस्तरीयता धेरै महत्वपुर्ण पक्ष हो । यसका लागि डकुमेन्ट्रीको भोल्युम Picture, Quality, Resolution, समयाविधि र त्यसमा प्रयोग हुने स्कुष्ट आदिको ठुलो भुमिका रहेको हुन्छ । यी सबै पक्षहरुलाई मध्यनजर गरी भिडियो डकुमेन्ट्री बनाउँदा एउटै डकुमेन्ट्रीमा सबै धार्मिक, सास्कृतिक पुरातात्विक ऐतिहासिक उवम प्राकृतीक सम्पदालाई समेट्न खोज्नु भन्दा थिमको अधारमा अलग अलग डकुमेन्ट्री बनाउनु पर्नेछ । यसका लागि देहाय बमोजिमको अलग अलग थिमको अधारमा डकुमेन्ट्री निर्माण गर्नु पर्नेछ ।

क) भिडियो डकुमेन्ट्री २५-३० मिनेटको डकुमेन्ट्री भिडियो हुनु पर्नेछ ।

ख) त्यसै गरी गाउँपालिकका सबै वडाहरुलाई समेटेर २५-३० मिनेटको देहाय बमोजिमको थिमको आधारमा डकुमेन्ट्रि निर्माण गरी पेश गर्नु पर्नेछ ।

१) आर्थिक र सामाजिक रुपान्तरणको डकुमेन्ट्रि ।

२) ५० लाख भन्दा माथिका भौतिक पूर्वाधारको विकास र सुशासनमा आधारित डकमेन्ट्रि ।

३) धार्मिक पर्यटकीय र साँस्कृतिक स्थलमा आधारित डकुमेन्ट्रि ।

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

ग) भिडियो डकुमेन्ट्रिमा न्यारेसन नेपालीमा स्पष्ट बुझिने र कर्णप्रिय आवाजमा हुनु पर्नेछ । विषय क्याप्सन/सबटाइटल अंग्रेजीमा लेखिएको हुनु पर्ने छ ।

घ) छायाङ्कन गरिएको ( रफ) सामाग्री सबै र भिडियो डकुमेन्ट्रिको गुणस्तर ( रेजुलेसन) नघटाइएको कपी हार्डडिस्क मार्फत उपलव्ध गराउनु पर्ने छ ।

ङ) भिडियो डकुमेन्ट्रिको स्कुष्ट पनि समावेश गर्नु पर्नेछ ।

च) जिङगल अनुसार नाम उल्लेख गरिएको हुनु पर्नेछ ।

छ) गाउँपालिकमा अन्तिम प्रतिवेदन पेश गर्नु भन्दा पहिला समग्र डकुमेन्ट्रिको प्रस्तुती गरी प्राप्त राय/सुझाव समेटी परिमार्जन गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ज) अन्तिम भिडियो माथि उल्लेख गरिए अनुसार थिमको अधारमा समेत अलग अलग ५ कपी गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

ट) तयार भएको भिडियो डकुमेन्ट्री टेलिभिजनबाट प्रसारण गर्नुको साथै सामाजिक संजामा समेत अपलोड गर्नुपर्नेछ ।

<u>१२) भुक्तानी तालिका</u>

क. भुक्तानी निम्न तालिका अनुसार परामर्शदाताको निवेदन र भ्याट विलको आधारमा गाउँपालिकाबाट गरिने छ ।

ख. पहिलो किस्ता : सम्झौता भएपश्चात प्रारम्भिक प्रतिवेदन (फाइनल स्कुष्ट सहित) भए पश्चात ४० प्रतिशत ।

ग. अन्तिम किस्ता : सम्झौता अनुसारको कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन बुझाए पश्चात सम्झौता रकमको ६० प्रतिशत ।

<u>१३) परामर्शदाताको छनोटको योग्यताको आधार</u>

परामर्श सेवा खरिद कारवाहीमा भाग लिने प्रस्तावदाताको योग्यताको आधार देहाय बमोजिमको हुनुछ ।

१) प्रस्तावदाता संस्थाको सम्वन्धित कार्यको संस्थागत कार्य अनुभव ।

२) प्रस्तावदाताको मुख्य मुख्य कर्मचारीको सम्वन्धीत विषयको शैक्षिक योग्यता र उत्तिकै प्रकृतिको कार्यको अनुभव ।

३) कार्य सम्पादन गर्ने तरिका कार्य विधि, कार्य, क्षेत्रगत सत प्रतिसतको प्रभावग्राकिता समय तालिका ।

४) प्रस्तावदाताको व्यवस्थापन क्षमता ।

५) प्रस्ताव दाताको अर्थिक क्षमता र कार्य सम्पादन सम्वन्धि नविनतम सोच ।

६) विगत ५ वर्षको अवधीमा प्रस्तावित परामर्श सेवा संग मिल्ने प्रकृतीको परामर्श सेव सार्वजनिक वा निजि संस्थाको रकम र मिति खुल्ने विवरण ।

७) इडिटिङ्ग 3D एनिमेसन तथा कलर ग्रेडिङ्ग पाश्र्व संगित ( Background Music) सम्वन्धी योग्यता ।

## १४ प्रस्तावहरुको छनोट तथा मुल्यांकन विधि

सुचना प्रकाशन गरे पश्चात प्राप्त प्रस्तावहरुको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामावली २०६४ मा उल्लेख भएका प्रावधानको आधारमा रही मुल्यांकन गरिनेछ । प्राविधिक प्रस्तावको मुल्यांकनको भार ८० प्रतिशत र आर्थिक प्रस्तावको मुल्यांकन भार २० प्रतिशत हुनेछ । मुल्यांकनमा सबै भन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताव दातालाई यस कार्यालयका लागि छनोट गरिनेछ ।

## १५) प्राविधिक प्रस्तावको ढाँचा

परामर्शदाता संस्थाले देहाय बमोजिम ढाँचामा प्राविधिक प्रस्ताव पेश गरेको निवेदन सहित प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

१) परामर्श दाता संस्थाको परिचय ( सस्थाको नाम, ठेगाना, सम्पर्क फोन, सम्पर्क व्यक्ति, इमेल र अन्य उपर्युक्त विवरण )

२) परामर्शदाता संस्थाको अनुभव

३) डकुमेन्ट्री निर्माण विधि

४) कार्य योजना

५) प्रस्तावित जनशक्ति

६) प्राविधिक सामाग्रीको उपलव्धता

परामर्शदाता संस्थाले प्राविधिक प्रस्ताव साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ ।

१ संस्था दर्ता तथा नविकरण को प्रमाणपत्र ।

२ मु.अ. कर दर्ताको प्रमाणपत्र ।

३ कालो सुचिमा नपरेको सो घेसणा पत्र ।

४ आ व २०७७/०७८ को कर चुक्ता प्रमाण पत्र ।

५ संस्थाको अनुभव खुल्ने कागजातहरु (प्रस्ताव सँग सम्वन्धित कम्तिमा १ वटा सम्म) ।

६ विगतमा सिप तथा प्रविधि हस्तानतरण सम्वन्धि गरेका क्रियाकलापवहरु खुल्ने कागजात ।

७ प्रस्ताव गरिएका जनशक्तिको सम्वन्धित व्यक्तिले गरेको व्यक्तिगत विवरण ।

## १५ आर्थिक प्रस्तावको ढाँचा

परामर्शदाताले देहाय बमोजिम ढाँचामा आर्थिक प्रस्ताव पेश गरेको निवेदन सहित आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

| सि न | विवरण | परिमाण | दर | इकाई | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जनशक्ति विवरण<br>क)<br>ख) | | | | | |
| २ | बैठक तथा अन्तरक्रिया | | | | | |
| ३ | मसलन्द/सामग्री | | | | | |
| ४ | संचार/यातायात/इन्धन | | | | | |
| ५ | डकुमेन्ट्रीको स्कृष्ट लेख | | | | | |
| ६ | क्षेत्रगत अनुसन्धान | | | | | |
| ७ | कानुनी शुल्क | | | | | |
| ८ | उपकरण ( क्यामेरा, लाइट, ड्रोनस्लाइडर ट्राली आदी ) | | | | | |
| ९ | कार्यालय व्यवस्थापन | | | | | |
| १० | भ्याट | | | | | |
| ११ | कुल परियोजना खर्च | | | | | |

## १६ परामर्श दाता टोली र विषय विज्ञहरु

परामर्शदाताले देहाय बमोजिमका मानव श्रोतको बैयक्तिक विवरण यस गाउँपालिकामा पेश गरी कामका लागि कार्यादेश पाए पछीमात्र कामलाइ अगाडी बढाउनु पर्ने छ ।

| सि न | मानब श्रोतको विवरण | योग्यता र अनुभव |
|---|---|---|
| १ | कार्यक्रम निर्देशक | आवश्यक न्यूनतम योग्यता पुरा गरी कम्तिमा ३ वर्ष सम्वन्धित विषयमा काम गरेको अनुभव भएको |
| २ | डकुमेन्ट्रि कला निर्देशक | आवश्यक न्यूनतम योग्यता गरी कम्तीमा ३ वर्ष सम्वन्धित विषयमा काम गरेको अनुभव भएको |
| ३ | सिनेमाटोग्राफर | कम्तिमा ३ वर्ष सम्वन्धित फिल्डमा काम गरेको |
| ४ | प्रोडक्शन म्यानेजर | आवश्यक न्यूनतम योग्यता गरी कम्तिमा ३ वर्ष काम गरेको |
| ५ | लाइट म्यान र ध्वनी नियन्त्रक | सम्वन्धित विषयमा तालिम लिइ कम्तिमा ३ वर्ष सम्वन्धित विषयमा काम गरेको |
| ६ | ड्रोन प्राविधिक फोटो ग्राफर | सम्वन्धित विषयमा तालिम लिइ कम्तिमा ३ वर्ष सम्वन्धित विषयमा काम गरेको |